आर्थिक वर्ष २०७९/०८० को

नीति तथा कार्यक्रम

गुराँस गाउँपालिका

# गुराँस गाउँपालिका

# दैलेख

# कर्णाली प्रदेश

# २०७९/०३/१०

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका स्थानीय तह मध्ये एक गुराँस **गाउँपालिका,** तत्कालिन वराह, सेरी, खड्कवाडा, गोगनपानी, पिलाडी र लालिकाँडा गाउँ विकास समितिहरु लाई समावेश गरेर नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७३/११/२२ को निर्णय बमोजिम स्थापना भएको हो। सामाजिक न्याय सहितको आर्थिक(सामाजिक रुपान्तरण र समृद्ध गुराँस सुखी गुराँसवासीको मार्गमा अगाडी बढिरहेको यस गाउँपालिकाको १०औं गाउँ सभाको यस ऐतिहासिक घडिमा ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** भन्ने मुल नाराका साथ आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा मलाई निकै गौरवको अनुभूति भएको छ ।

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात(अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसैगरी, आन्दोलनका क्रममा वेपत्ता, घाइते र अपाङ्गता भएका व्यक्तिहरु, ज्यानको बाजी लगाएर आन्दोलनमा सहभागि भई महत्वपुर्ण योगदान पुर्‍याउनु हुने सबै प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

लोकतन्त्रको आधार स्तम्भको रुपमा रहेको स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा आफ्नो अमुल्य मत प्रदान गरी गुराँस गाउँपालिकाको विकास र समृद्धिको नेतृत्व गर्नका लागि हामीलाई निर्वाचित गराउनु हुने सम्पूर्ण जनसमुदायलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । साथै, निर्वाचित सम्पूर्ण जनप्रतिनिधि ज्यूहरुलाई हार्दिक बधाई तथा स्वर्णिम एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहान्छु । मतदान प्रक्रियामा संलग्न सम्पूर्ण मतदाताहरु, निर्वाचन प्रक्रियामा सहभागि कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत स्थानीय तह सदस्य निर्वाचन, २०७९ सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैमा हार्दिक आधार तथा धन्यवाद ज्ञापन गर्न चाहान्छु।

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधानको मर्म एवं निर्देशक सिद्धान्तहरु, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधार पत्रका साथै विज्ञहरुको सुझावलाई आधार मानिएको छ ।

स्थानिय जनताको स्वाभिमान र हित प्रर्वद्धन गर्ने, प्रशासनलाई विकासमैत्री बनाउने, अनावश्यक खर्च कटौती गर्दै मितव्ययिता कायम गर्ने जस्ता उद्देश्य राखि आर्थिक वर्ष २०७९/०८० लाई तिव्र विकासको लागि आधार वर्षका रुपमा पुरा गर्ने लक्ष्य लिएका छौं । यो नीति बनाउने क्रममा विश्वस्तरमा अघि बढाइएका

दीगो विकासका लक्ष्यहरु प्राप्त गर्ने ध्येयका साथ केन्द्र र प्रदेश सरकारका नीतिहरु सँगको तादम्यता कायम राख्ने प्रयास गरिएको छ ।

**सभा अध्यक्ष ज्यू ,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७९/०८० को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क) पूर्वाधार विकास तर्फः**

१. गाउँपालिकास्तरमा सञ्चालित गौरवका आयोजनाहरुका रुपमा रहेका गुराँस गौरवमार्ग, गुराँस चक्रपथ र मूल सडकबाट प्रत्येक वडा कार्यालयसम्म सडक स्तरोन्नती, कालो पत्रे, वडा कार्यालय देखि प्रत्येक बस्तीस्तर कृषि सडक सन्जाल विस्तार गर्ने नीति लिइनेछ ।

२. गुराँस गौरवमार्ग धरमपोखरा(पातलखोला,गुराँस चक्रपथ अर्थात् गुराँसे(दोबाटो(बेडुगाउँ(पातलखोला(तल्लो डुङ्गेश्वर(माथिल्लो डुङ्गेश्वर(धरमपोखरा(भिउचुला(रातानाङ्गला, बगौरा रेग हुँदै निगालपानी सडकको स्तरोन्नती गर्न स्थानीय तहको बजेट बाट मात्र प्रयाप्त नहुने हुँदा आयोजना सञ्चालनका लागि कर्णाली प्रदेश सरकार, संघीय सरकार र विभिन्न साझेदार एवं सहयोगी संघ संस्था सँगको समन्वयमा अगाडी बढाइनेछ ।

३. गुराँसे स्याउली बजार, राउटे गल्छिना-विउराखेत, बुबैराखे बिउराखेत, भिउचुला-बगौरा पुलिया, घुम्ने बिसाउ-झुज मर्खे- घुम्ने बिसाउँ- लालिकाँडा झुज उगाडा ओखरेनी, घिउ पोखरी गर्चा मिलनचोक, जलुकेनी चिसापानी अस्पताल पुनाकोट सेरीबाडा हुदै कर्णाली राजमार्ग सडक तथा छोटेपोखरा गैरीगाउँ मिलन चोक सडक उत्तरोन्नती गरी कृषि उत्पादक बस्तीलाई स्थानीय बजार तथा बाह्य बजारसँग जोडिनेछ ।

४. पालिका भित्रका मुख्य सडक खण्ड र बजार क्षेत्रका आवश्यक स्थानहरुमा ढल निर्माण तथा सरसफाई नीति निर्माण गरी प्रभावकारी कार्यको थालनी गरिनेछ ।

५. दिगो र गुणस्तरिय पूर्वाधार निर्माण गर्नका लागि विकास निर्माणका आयोजनाहरुको प्राथमिकीकरण गरि श्रोतको सुनिश्चितता गरिनेछ । प्राथमिक्ता प्राप्त क्षेत्रमा श्रोतको सुनिश्चिता र पूर्वाधार निर्माण कार्यलाई भनसुन र पहुँचका आधारमा नगरी विधि र वस्तुनिष्ट एवं मागमा आधारित बनाउनका लागि **परियोजना बैंक** निर्माण गरिनेछ। परियोजना बैंकमा रहेका योजनाहरुको निर्माण तथा मर्मतका लागि **गुराँस श्रम बैंक**को स्थापना गरिनेछ र आवश्कताका आधारमा साझेदारी लगायत विभिन्न कोष मार्फत साझेदारी योजना सञ्चालनमा ल्याइनेछ।

६. गुराँस रिङ्गरोड, कृषि सडक निर्माण एवं स्तरोन्नती, नदी तटबन्धन, पुल लगायत भौतिक पूर्वाधारका कामहरु अघि बढाउन आवश्यक बजेटका लागि केन्द्र एवं प्रदेश सरकारको समन्वयमा अघि बढाइनेछ ।

७. विगतमा योजना सुरुवात गरिएका तर सम्पन्न नभएका सबै लिफ्टिङ खानेपानी तथा सिँचाई आयोजनाहरु क्रमागत रुपमा सम्पन्न गरिने छ र बाँकी नयाँ योजनाको विस्तृत परियोजना प्रस्ताव (DPR) तयार पारी निर्माण कार्य सुरु गरिनेछ।

८. यस पालिकाको गौरवको आयोजनाको रुपमा रहेको कर्णाली लिफ्टिङ्ग खानेपानी आयोजना र गुराँस पर्यटन क्षेत्रको डिपिआर तयार गरी निर्माण कार्य शुरु गरिनेछ ।

९. विधार्थीहरुको शारीरिक तथा मानसिक क्षमता अभिवृद्धी गर्नका लागि विद्यालयहरु र अन्य स्थानमा खेलकुद मैदान लगायत व्यायम केन्द्रहरु र पैदल मार्गको समेत क्रमागत व्यवस्था गरिने छ।

१०. तल्लो डुङ्गेश्वर, घोडाबास, पातिकान्ला, गुराँसे बजार र धरमपोखरा जस्ता व्यस्त बजारक्षेत्र र लामो दुरीका सडक क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिने छ। साथै, गाउँपालिकाका स्थानीय बजार क्षेत्रमा सौर्य सडक बत्तीका साथ बजार क्षेत्र सुधार कार्यक्रम लागु गरिनेछ ।

११. गाउँपालिका भित्र रहेका पर्यटकिय केन्द्र बन्न सक्ने ऐतिहासिक, धार्मिक, साँस्कृतिक मठमन्दिर, गुफा र पार्क, पदमार्ग भ्यु प्वाइन्ट जस्ता सार्वजनिक स्थलहरुको संरक्षण र स्तरोन्नती गरिनेछ ।

१२. विकास कार्यलाई एकीकृत एवं दीगो विकासको मोडेलमा रुपान्तरण गर्न सम्बन्धित आयोजना भित्र पर्ने सम्पूर्ण कार्यलाई एकीकृत रुपमा लागत अनुमानमा समावेश गरी कार्यान्वयन गर्ने प्रक्रिया थालिने छ ।

१३. पालिका क्षेत्रमा ग्रामिण तथा गुराँस बस सेवा गाउँपालिकाको पहलमा सञ्चालन गरी जेष्ठ नागरिक, अपाङ्ग, महिला र बालबालिकालाई सर्वसुलभ यातायात सेवा प्रदान गरिने छ ।

१४. **"घरघरमा धारा, गुराँस सरकारको अभिभारा"** अवधारणा अनुरुप सबै घरधुरीमा स्वस्थ खानेपानीको क्रमागत रुपमा व्यवस्था गरिने छ । यसको लागि सतहगत, वर्षेपानी तथा लिफ्टिङ प्रबिधि प्रयोग गरी दीगो संरचनामा जोड दिइने छ ।

१५. कर्णाली देखि थामालेक र लोहोरेखोला(गुराँसे हुँदै राक्सेढुङ्गा सम्म लिफ्टीङ्ग सिंचाईको आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।

१६. रतिखोला स्थित १५ शैया अस्पताल भवन क्रमागत रुपमा सम्पन्न गर्नका लागि संघीय सरकारसंगको समन्वय बढाइनेछ।

१७. गुराँस कृषि क्याम्पस भवन र रानीमत्ता स्वास्थ्य आवास भवन, झ्याजे भिउचुला मेलपोखरा नयाँखर्क धरमपोखरा लिफ्टिङ खानेपानी, डुडा पोखरा लिफ्टिङ्ग खानेपानी, तारापोखरी लिफ्टिङ्ग खानेपानी, बुबै राखे लिफ्टिङ्ग खानेपानी, मर्खे लिफ्टिङ्ग खानेपानी, भालुधुला लिफ्टिङ्ग , दोबाटो लिफ्टिङ, परिगाउँ लिफ्टिङ्ग, कर्णाली लिफ्टिङ्ग, पातिकान्ला देखि थामालेख लिफ्टिङ्ग खानेपानी लगायतका सबै लिफ्टिङ खानेपानी योजनाहरुको काम क्रमागत रुपमा सम्पन्न गरिनेछ ।

१८. निर्माणाधिन रहेका सबै विद्यालय, सहकारी भवन तथा कृषि संकलन केन्द्रहरुको काम यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ।

१९. **"हामी बनाउँछौ हाम्रो सडक"** को मुल नारालाई आत्मसाथ गर्दै पालिकाका भित्रि सडकहरुको स्तरोन्नतीका लागि प्रधानमन्त्री, मुख्यमन्त्री रोजगार कार्यक्रम र गुराँस श्रम बैंकमा आवद्ध श्रमिकलाई परिचालन गरि बाह्रै महिना सञ्चालनमा आउने गरि कार्य अघि बढाईनेछ।

२०. वर्षातको समयमा विधार्थी तथा स्थानीय बासिन्दाहरुलाई सहज आवतजावत हुने गरि पिरेखोला, गर्चा-टाङकोट, ध्यापा-जोरेबाँझ, लामातडा, कोट लाम्जीले लगायत का आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण कार्य संघीय तथा प्रदेश सरकार संगको समन्वयमा क्रमागत रुपमा सुरु गरिनेछ। निर्माण सम्पन्न भैसकेका झोलुङ्गे पुलको मर्मत संभारका लागि मर्मत कोषको व्यवस्था गरिनेछ ।

२१. यसै आर्थकि बर्ष भित्र गुराँस गाउँपालिकाको आफ्नै प्रशासनिक भवनको निर्माणका लागि संघीय सरकारसंग आवश्यक समन्वय गरिनेछ। साथै, आफ्नै भवन नभएका वडा कार्यालयहरु वडा नं. ३ र ६ को भवन निर्माण कार्य आ.व. २०७९/८० मा सम्पन्न गरि सार्वाजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२२. यस पालिका भित्र खरको छाना भएका घरहरुलाई जस्तापाताले विस्थापित गर्न आ.व.२०७९/८० लाई **"खरको छाना मुक्त, घर परिवार ढुक्क"** अभियान वर्षको रुपमा मनाइनेछ। यसका लागि ६०० भन्दा बढी घरलाई खरको छाना मुक्त गराउन पुग्ने आवश्यक बजेट व्यवस्था गरिनेछ।

२३. गुराँस गाउँपालिकाको विभिन्न ठाउँमा कमजोर टेलिफोन नेटवोर्कको समस्या समाधान गर्न नेपाल दुरसञ्चार प्राधिकरण लगायत अन्य सञ्चारगृह संग आवश्यक समन्वय गरिनेछ।

२४. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा राष्ट्रिय प्रसारण लाईन र ग्रामिण विद्युतिकरण कार्य, सामुदायिक विद्युतिकरण कार्यक्रम मार्फत सबै वडा तथा वस्तीहरुमा बिद्युतका पोल र तार विस्तार गरिनेछ । विद्युतको पोल र तार तानिएका ठाउँमा बिद्युत सेवा प्रवाह गर्दै घर घरमै विधुत मिटर उपलब्ध गराउने व्यवस्था गरिनेछ । उद्योगको लागि थ्रिफेज मिटरको व्यवस्था समेत गरिनेछ । पालिकामै विद्युत शाखा स्थापना गरी थप व्यवस्थापनका कार्य गरिनेछ ।

२५. सार्वजनिक निर्माणमा प्रत्यक्ष सरोकार राख्ने विषयगत शाखाका कर्मचारी, उपभोक्ता समिति र निर्माण व्यवसायीहरुको प्रभावकारी कार्य सम्पादनका लागि क्षमता विकासका आवश्यक थप नीति र कार्यक्रमहरु संचालन गरिनेछ ।

२६. नक्सा पास नगरी भवन निर्माण गर्ने कुरालाई निरुत्साहित गर्नुका साथै भवन बनाउदा राष्ट्रिय भवन संहितामा उल्लेखित मापदण्डलाई कडाईका साथ लागू गर्दै गुराँस भवन निर्माण संहिता समेत जारी गरिनेछ ।

२७. खुर्सानीवारी अन्तिम मोड देखि तल्लो डुङ्गेश्वर – बिउराखेत – पुलिया– मिलनचोक हुदै झुज सम्म बालुवा गिट्टी उत्खनन स्थल र सो को लागि आवश्य स्थानमा मार्ग समेत निर्माण गरिनेछ ।

२८. यस गुराँस गाउँ पालिका क्षेत्रको सिमान जोडिएका पालिका तथा वडा सँग विभिन्न साझेदारी कार्यक्रम संचालन गरिनेछ भने देश भरका अन्य भागका स्थानीय तह साग भगेनी सम्बन्ध स्थापना गरिनेछ ।

**ख) आर्थिक विकास तर्फः**

१. कृषि, सिंचाई तथा पशुपालन सम्बन्धि नीति

- कृषिको विविधिकरण, व्यावसायिकीकरण, आधुनिकीकरण र यान्त्रीकरण गरी तुलनात्मक रूपमा लाभका बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीतिलाई अवलम्बन गरिनेछ ।

- **"बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग"** नारा सहित जग्गाको तथ्याङ्क संकलन गरि भूमी बैंक प्रणाली स्थापना गर्दै व्यवसायिक कृषि उत्पादनमा लाग्न कृषकहरुलाई प्रोत्साहित गर्दै बाँझो जमिन उपयोग नीति निर्माण तथा अवलम्बन गरिनेछ ।

- **"कृषक संग अध्यक्ष"** कार्यक्रम अन्तर्गत कृषिको उत्पादन र उत्पादकत्व बढाउन अध्ययन तथा अनुसन्धान, आवश्यक कृषि सामग्री तथा दक्ष जनशक्तीको व्यवस्था, बाली वस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन, माटो परिक्षलण, न्युनतम बजार मुल्य निर्धारण, कृषि उपज तथा पशुहाट र बजारीकरणका लागि आवश्यक व्यवस्था गरिने छ। साथै कृषि सडक, सिंचाई, शीत भण्डार, कृषि संकलन तथा विक्री केन्द्र, कोशेली घर लगायतका कृषि पूर्वाधारहरुको निर्माण गरिनेछ ।

- सार्वजनिक निजी साझेदारी मार्फत कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी भित्र्याउन **"हाम्रो गुराँसमा लगानी, हुनेछ मनग्य आम्दानी"** को नारा सहित लगानीकर्ता आकर्षित गर्न लगानी मैत्री नीतिलाई अविलम्वन गरिने छ । यसका लागि **"प्रथम गुराँस लगानी सम्मेलन"** को आयोजना गरिनेछ।

- विभिन्न मौसमी फलफूल, जुस, डेरी लगायतका दुग्धजन्य उद्योग,स्थापना गर्न लगानी गर्न इच्छुक उद्यमीहरुलाई आधारभूत तालिम, सुविधा र आंशिक अनुदानको व्यवस्था गरिनेछ ।

- व्यवसायिक किसानहरुलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न सहुलियत ऋण, अनुदान, व्यवसायिक तालिम र विभिन्न उपयोगी विरुवाहरु उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।

- **एक व्यवसायी कृषक (एक सिंचाई पोखरी**, साना सिंचाई कार्यक्रम, लिफटीङ्ग प्रविधि र रिचार्ज पोखरी, तथा वर्षेपानी संकलन लगायत अन्य सिंचाई प्रविधिका योजनाहरु र कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

- साना तथा ठुला सिचाईं तथा खानेपानी योजना निर्माण तथा मर्मतका लागि र प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र गुराँस श्रम बैङ्कमा आवद्ध श्रमिकहरुलाई योजनागत विभाजन गरी कार्यक्रम संचालन गरिनेछ ।

- सहकारी संस्था मार्फत् थप कृषिजन्य, दुग्धजन्य उत्पादनहरुको संकलन, भण्डारण तथा बजारीकरणका लागि संकलन तथा वितरण केन्द्र, शित भण्डार तथा हाटबजार संचालन गरी **"हाम्रा किसानको रहरः सहज पहुँचमा बजार."** अभियान संचालन गरिनेछ ।

- कृषकहरुको लागत सुनिश्चितताका लागि पशुको नश्ल सुधार, रोग निदान, कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरी सबै कृषकको पहुँचमा पुऱ्याइनेछ।

- टिस्युकल्चर आलु मूल बिउ उत्पादन साझेदारी घोडावास लगायत अन्य कृषि साझेदारी कार्यक्रम सञ्चालनका लागि कार्यविधि निर्माण गरि लागु गरिनेछ।

- कृषि क्षेत्रको प्रवर्द्धनको लागि कृषि यान्त्रिकरणको विषयलाई पालिकाले प्राथमिकतामा राखि यसका लागि आवश्यक पर्ने यन्त्र पहिचान, खरिद, संचालन, तालिम व्यवस्थापन जस्ता थप कार्य गर्न निजी, सहकारी तथा सामुदायिक क्षेत्रसंग समन्वय एवं सहकार्य गरिनेछ ।

- **"नदी किनारमा कृषि, किसानको आयमा वृद्धी"** भन्ने नारा अनुसार बलौटे माटोमा उत्पादन हुने तर्बुजा, बदाम, तरकारी तथा फलफुल खेती र माछा, बंगुर, पोल्टी, केरा लगायतका बहुमुखी खेती प्रणालीको सम्भावना अध्ययन गरि आवश्यक सिचाई, विउबिजन तथा प्रविधि हस्तान्तरण सहित कृषकहरुलाई प्रोत्साहित गरिनेछ।

- **"एक घर, एक बगैंचा"** को नारा सहित सुन्तला, कागती, किवी, ओखर, एभोकाडो, आँप, लिच्ची लगायत विभिन्न प्रकारका मौसमी तथा बेमौसमी फलफूलका विरुवा रोप्न प्रोत्साहित गरिनेछ।

- यस पालिका भित्रका उत्कृष्ट व्यवसायीक कृषकहरुलाई प्रोत्साहन र सम्मान गर्ने उद्धेश्यका साथ कृषि मेला आयोजना गरी **"कृषक प्रोत्साहन कार्यक्रम"** तथा कृषि प्रदर्शनीका साथ प्रतियोगिता संचालन गरिनेछ।

- रसायनिक विषादीको प्रयोग लाई न्युनिकरण गर्न प्राङ्गारिक तथा जैविक मल उत्पादनका लागि आवश्यक अध्ययन तथा अनुसन्धान अघि बढाइनेछ।

- विउ विजन र मल वितरणका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ। मल तथा विउ विजनको विकास र वितरणका लागि निश्चित तालिका र कार्यक्रम बनाइ लागु गरिनेछ।

- पशुजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा उत्पादन लागत न्यूनिकरण गर्न प्रविधिहरुको उपयोग, फार्म सुधार र यान्त्रिकीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सुविधा, प्रयोगशाला निर्माण, पशु स्वास्थ्य शिविर तथा बधशाला तथा मासु जन्य उत्पादन केन्द्र तथा कोल्ड स्टोर निर्माण गरी संचालन गरिनेछ।

## २. उद्योग तथा बाणिज्य सम्बन्धि नीति

- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत स्थानीय श्रम, सीप र प्रविधिको अत्याधुनिक दक्षतापूर्ण उपयोगी कार्यक्रम लागू गरी स्वरोजगार तथा आय एवं सिपमुलक कार्यमा जोड दिइनेछ ।

- **"उधमी महिला, सम्वृद्ध परिवार"** को मुल नाराका साथ कृषि, पर्यटन तथा अन्य क्षेत्रमा व्यवसाय सञ्चालन गरिरहेका र नयाँ व्यवसाय सुरु गर्न चाहने महिला उद्यमी लागि आवश्यक तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजि, सहुलियत ब्याज दरमा ऋण जस्ता प्रावधान र प्रविधी सहित **"उपाध्यक्ष महिला उद्यमी कार्यक्रम"** सञ्चालन गरिनेछ।

- पालिका भित्रका सामुदायिक वनहरुमा खेर गइरहेका काठहरुको उपयोग गर्ने गरी वन पैदावारमा आधारित उद्योग, अल्लो तथा सिस्नो प्रशोधन उद्योग, आलु चिप्सउद्योग, जुस उद्योग, छुर्पि उद्योग, मसला उद्योग, बोईलर दाना उद्योग, दालमोठ उद्योग, टमाटर उद्योग, वाइन उद्योग, जडिवुटी प्रसोधन तथा खानिजन्य वस्तु तथा ढुङ्गाहरूको उत्खनन् तथा प्रशोधन गरी बहुमखी उधमशिलताको विकास गरिनेछ।

- औद्योगिक क्षेत्रको विकासका लागि कानूनी, नीतिगत र संस्थागत प्रवन्ध गरी संघीय तथा प्रादेशिक सरकारहरुको समन्वयमा औद्योगिक ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी सञ्चालनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ । साथै पालिकाको पहलमा मिनी औद्योगिक ग्राम स्थापना गरिनेछ ।

- स्थानीय श्रोत र साधनको उपयोग गरि नेपाली कागज मार्फत आयातित कागज प्रतिस्थापन गर्न नेपाली कागज तथा कोरा कागजजन्य हस्तकला उद्योगको स्थापना गरिनेछ।

- निजि क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्न गुराँस उधोग वाणिज्य संघलाई सकृय बनाई सबै बजार तथा व्यवसायिक केन्द्रका उद्यमी व्यवसायीलाई दर्ता प्रकृयामा सामेल गरिनेछ।

- शुद्ध पिउने पानीको व्यवस्था गर्न साझेदारी संस्था पहिचान गरि पानी प्रशोधन तथा पेय पदार्थ उधोगको स्थापना गरिनेछ।

**<u>३. पर्यटन सम्बन्धि नीति :</u>**

- गाउँपालिका भित्र रहेका सम्भावित पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, विकास, प्रचारप्रसार, प्रकाशन, प्रोफाइल तयार गरी एकिकृत पर्यटकीय सर्किट विकास गर्दै आन्तरिक पर्यटनलाई बढावा दिइनेछ।

- जन्ती बस्ने गुफा, टोट्नाउला गुफा, धाउधुला गुफा मालिका, देउराली गुफा/धाउखानी गुफा, काउलाकोट गुफा, बुरुसे लेक, वडा नम्बर ३ को पञ्चदेवल, कालिपोखरी, धरमपोखरा, सुवापोखरी, गुराँस पार्क, मोतिया खोला झरना, थामलेक, लिलेकोट पार्क, रानीमत्ताको भ्यू टावर, बेडुगाउँ भ्यूटावर, लगायतका पालिका भित्र रहेका महत्वपूर्ण दर्शनिय स्थलहरुको प्रचारप्रसार, संरक्षण तथा प्रवर्द्धन गर्न गुराँस पर्यटन क्षेत्र घोषणा गर्न संघीय र प्रदेश सरकारसँग आवश्यक बजेटको लागि पहल गरिनेछ ।

- गुराँस गाउँपालिकाको महत्त्वपुर्ण पहिचानको रुपमा रहेको गुराँस संरक्षणका लागि नविनतम योजना ल्याइ लागू गरिनेछ साथै गुराँस गाउँपालिकालाई पर्यटकीय क्षेत्र घोषणा गर्न आवश्यक पूर्वाधारका कार्यक्रम संचालन गरिनेछ ।

- तल्लो डुङ्गेश्वर स्थित कर्णाली नदिमा ऱ्याफ्टिङ्ग संचालनमा ल्याइनेछ।

- जिपलाइन, प्याराग्लाइडिङ्ग, बन्जी जम्पिङ्ग, माउन्टेन बाइकिङ तथा कलाइम्बिङ्ग, म्याराथुन जस्ता साहसिक खेल पर्यटन मार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गर्न संभाव्यता अध्ययन गरी निर्माण कार्य समेत अघि बढाइनेछ।

- साँस्कृतिक पर्यटन ,कृषि पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक पर्यटन, जल पर्यटन, साहसिक पर्यटन, वन तथा सफारी पर्यटन, मिनि चिडियाखाना, जङ्गल स्काई रोप, व्थु बेम्बो बृज लगायतका पर्यटन क्षेत्रको पहिचान गरी पर्यटन व्यवसायको विकास गर्न संघ सस्था,समुदाय तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक श्रोत तथा जनशक्ती परिचालन गरिनेछ ।

- गुराँस गाउँपालिका अन्तर्गत विभिन्न ठाउँमा पर्यटकीय वनभोज स्थल, पदमार्ग, पार्क तथा नमुना होमस्टे निर्माण गरि सञ्चालनमा ल्याइनेछ।

- गुराँस गाउँपालिकामा पाल्नु हुने विशिष्ट पाहुनाहरुको लागि गुराँस पाहुना घर, गुराँस परिकार हाउस निर्माण र स्थानिय उत्पादन मेला, परिकार उत्सव तथा कला संस्कृति प्रतियोगिता एवं महोत्सब संचालन गरिने छ ।

- पर्यटन सुचना केन्द्र, पर्यटन संग्रहालय, पर्यटन कोशेली घरको स्थापना गरी स्थानीय रैथाने उत्पादन कला संस्कृति, परिकार र पर्यटकिय क्षेत्रको राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गरिनेछ ।

- आदिबासी जनजाती तथा राउटे लगायतका लोपउन्मुख समुदायको विशेष संस्कृतिको पहिचान गरि त्यसको संरक्षण र सम्वर्द्धन गरिने छ। राउटे लगायत आदिबासी जनजातीको संस्कृति झल्कने संग्राहलय, वृतचित्र आदिको क्रमागत रुपमा निर्माण, प्रवर्द्धन र सम्बर्द्धन गरिनेछ ।

- रैथाने उत्पादनबाट तयार गरिएका परिकारको प्रचारप्रसार गर्न खानाको परिकार महोत्सव र गुराँसको सिजनमा गुराँस महोत्सव, हिउँ महोत्सव लगायत पर्यटक आकर्षणका विभिन्न कार्यक्रम आयोजना गरी पर्यटक आकर्षित गरिनेछ ।

- गुराँस गाउँपालिकाको पर्यटकीय स्थल रानीमत्ता क्षेत्र आसपास जिपलाईन सञ्चालनमा ल्याइ आन्तरिक पर्यटनमा वृद्दी गरिनेछ। यसका लागि यसै वर्ष संभाव्यता अध्ययनको काम अघि बढाइनेछ।

- गुराँस गाउँपालिका र डुङ्गेश्वर गा.पा. बिचमा उपयुक्त क्षेत्रमा मानव निर्मित ताल निर्माण गरी एकिकृत पर्यटन तथा आयमुलक बहुउद्देश्यि कार्यक्रमका लागि विस्तृत अध्ययनको काम अघि बढाइनेछ।

- गुराँस गाउपालिकालाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन र स्थानीय कला संस्कृतिको आदान प्रदान गर्न भगिनी सम्वन्ध स्थापना गरीने छ ।

- पर्यटन क्षेत्रका थप काम व्यवस्थित गर्न पर्यटन तथा अतिथि सत्कार शाखा स्थापना गरिनेछ ।

## ४. सहकारी क्षेत्र

- सहकारी क्षेत्रको समग्र क्षमता विकासका लागि यस क्षेत्रसंग सरोकार राख्ने संघ, संस्था, साझेदार निकाय बिच समन्वय र साझेदारी गरि प्रभावकारी ढंगमा कार्यक्रम संचालन गरिने छ । साथै, लघु उद्यम महिला कृषि साझेदारी सहकारी समूह सञ्चालनका लागि नीति ल्याइनेछ ।

- सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत स्थानीय स्तरमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकीतृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरिनेछ ।

- उद्यमशीलता विकास र स्थानीय पर्यटन प्रवर्द्धनमा सहकारीको भूमिका बढाउदै लगिने छ । सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै विकास कार्यमा अत्याधिक परिचालन गरिनेछ ।

- सहकारी संस्थाहरुलाई बचत तथा ऋणमा मात्र सिमीत नराखी उद्देश्यमुलक, विषयगत तथा बहुउद्देशीय सहकारी सञ्चालनमा जोड दिनुका साथै त्यस्ता सहकारीको वैज्ञानिक मुल्यांकन प्रणालीका आधारमा प्रोत्साहन अनुदान दिइनेछ ।

- **"गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी"** भन्ने नारालाई सार्थक तुल्याउन आर्थिक विकासका हरेक क्रियाकलापमा सहकारी संस्थाहरुलाई आवद्ध गराउँदै निजी, सरकारी र सहकारी साझेदारी कार्यक्रम लागू गरिनेछ।

- सहकारी संस्था मार्फत वितरण गरिने मल ,बिउ, कृषि औजार, प्रविधि लगायतका विभिन्न कृषि जन्य उत्पादन र वितरणका कार्यक्रममा अनुदानको व्यवस्था गरिनेछ ।

- सहकारी संस्था मार्फत संचालित सहुलियत खाद्य पसल तथा कृषि जन्य उत्पादनका बिक्रि केन्द्रलाई थप व्यवस्थित गर्नुका साथै उत्कृष्ट रुपमा सहुलियत खाद्य पसल संचालन गर्ने सहकारी संस्थालाई सम्मान र प्रोत्साहन अनुदान दिइनेछ ।

सहकारी संग सहकार्य गरी कृषि, पर्यटन, उधम तथा उद्योग व्यवसाय यातायात लगायतका क्षेत्रमा विभिन्न आयमूलक व्यवसाय तथा साझेदारी कार्यक्रम संचालन गरीने छ ।

## ५. भू-उपयोग नीति

- सरकारी भवनहरु निर्माण गर्न आवश्यक प्रक्रिया पुरा गरी जग्गा खरिद गर्ने व्यवस्था गरिनेछ र त्यससँग जोडिएका ऐलानी तथा सरकारी सार्वजनिक जग्गा भएमा संघिय सरकारसँग समन्वय गरी पालिकाको विभिन्न प्रयोजनमा प्रयोग तथा उपयोग गर्ने व्यवस्था गरिनेछ ।

- सार्वजनिक विद्यालयलाई सार्वजनिक खाली जग्गाहरु आय आर्जन गर्ने प्रयोजनका लागि निश्चित अवधिको सम्झौता गरी उपयोग गर्ने व्यवस्था गरिनेछ ।

- सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलन गरि संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गरि समस्या समाधानकाका साथ उचित व्यवस्थापनको लागि पहल गरिनेछ।

- विभिन्न टोल वस्तीमा बाट सडक बाटो लैजाने क्रममा नागरिकको जग्गा सार्वजनिक सडकमा परेको र सो जग्गाको समेत कर तिर्न परिरहेको अवस्थालाई मध्यनजर गर्दै उक्त जग्गाको लगत कट्टा गर्ने व्यवस्था मिलाइनेछ साथै घर जग्गा तथा सम्पत्ती करमा जन अपेक्षा अनुसार दर रेट मिलान गरीने छ।

- गुराँस गाउपालिकाका मुख्य केन्द्र तथा वडा कार्यालय क्षेत्र लगाएत रानीमत्ता-गुराँसे बजार क्षेत्रमा रहेका संरचनाहरुको वैज्ञानिक ढंगले व्यवस्थापन गर्न र पर्यटकीय संभावनालाई मध्यनजर गरि स्थानीय कला र संस्कृति झल्किने बैज्ञानिक ढङ्गको भवन निर्माण संहिता लागु गरीनेछ ।

गुराँस गाउपालिका भरका खास गरी मुख्य व्यवसायिक केन्द्र र कृषि क्षेत्रका सार्वजनिक जग्गा जमिनको लगत तयार गरी जग्गा संरक्षण, उपयोग तथा व्यवस्थापन निति अवलम्वन गरीने छ।

**सभा अध्यक्ष ज्यू**

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

**(ग) सामाजिक विकास**

**१. शिक्षा सम्बन्धि नीति**

- गाउँपालिका भित्र संचालित विद्यालयहरुको पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, प्राविधिक, सिपमुलक र प्रविधिमैत्री, नैतिक शिक्षा र सदाचारमा आधारित शिक्षामा जोड दिइनेछ र विद्यालयको वातावरणलाई हरभरा बनाउन **हरियाली विद्यालय विशेष कार्यक्रम** लागू गरिनेछ ।

- शैक्षिक संस्थाहरुको आधारभूत आवश्यकताहरु पूरा गर्दै शैक्षिक गुणस्तर अभिवृद्धी, सुशासनमैत्री, प्रविधिमैत्री, बालमैत्री, किशोरीमैत्री, अपाङ्गमैत्री, स्वच्छ खानेपानीयुक्त र वातावरणमैत्री विद्यालय संरचना बनाई प्राविधिक शिक्षा, उच्च शिक्षा, अंग्रेजी माध्यममा शिक्षा, विद्यालय सुधार कार्यक्रम, किशोरी शिक्षा कार्यक्रम (प्रौढ शिक्षा), अविभावक शिक्षा, निरन्तर तथा वैकल्पिक शिक्षा कार्यक्रम, बालविकास केन्द्रको भौतिक सुदृढिकरण, स्थानीय पाठ्यक्रम विकास, नैतिक शिक्षा जस्ता नविनतम शिक्षण विधिको अनुसरण गरिनेछ।

- आवश्यकता र औचित्यका आधारमा विधालय शिक्षक-कर्मचारी दरबन्दि मिलान गरि कार्यसम्पादन मुल्याङ्कनका आधारमा शिक्षक-कर्मचारी प्रोत्साहन कार्यक्रम, बालविकासका सहयोगी कार्यकर्ता, सक्रिय अभिभावक तथा विद्यालय व्यवस्थापन समितिलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

- ५० बर्ष उमेर पुगेका तथा २० बर्ष सेवा अवधि पुगेका शिक्षकहरुलाई पेन्सन प्रोत्साहन तथा विशेष उद्यम कार्यक्रम संचालन गरिनेछ ।

- **"हामी बनाउँछौ-हाम्रो विधालय-राम्रो विधालय"** भन्ने अभियानका साथ पालिका भित्रको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षक, विद्यार्थी र अभिभावकहरुका बिच व्यापक रुपमा अन्तरक्रिया तथा तालिम प्रर्शिक्षण कार्यक्रम संचालन गरि विद्यालय तथा विद्यालय परिवारको एवं व्यवस्थापन समितिको समेत क्षमता अभिवृद्धी गरिनेछ

- सबै विद्यालयहरुलाई अनिवार्य रुपमा विद्यालय सुधार योजना तथा कार्यक्रम निर्माण गर्न लगाई त्यसमा निर्दिष्ट लक्ष्यहरु हाँसिल गर्नका लागि पालिकाबाट निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिइनेछ ।

- सामुदायिक विधालयले अंग्रेजी माध्यमबाट शिक्षा दिन सुरुवात गरेमा त्यस्ता विधालयका अन्य विषयगत शिक्षकहरुलाई समेत छोटो अवधिको अंग्रेजी भाषाको तालिम दिने व्यवस्था गरिनेछ।

- सामुदायीक विधालयमा अध्ययनरत विधार्थीहरुलाई निरन्तर विद्यालय आउन प्रेरित गर्न दैनिक दिवा खाजाको व्यवस्थापन गरिनेछ।

- विद्यालय संचालन कार्यलाई थप प्रभावकारी ढंगले संचालन गर्न विद्यालय मर्जर तथा एकिकरण कार्यलाई प्रोत्साहन गरिनेछ ।

- प्राविधिक तथा व्यावसायिक शिक्षालाई उच्च महत्व दिई प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि सहयोग गरिने छ । गुराँस कृषि क्याम्पसको सम्पूर्ण पूर्वाधार निर्माणको काम सम्पन्न गरी अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

- द्वन्द्वपिडित, दलित, अपाङ्ग, गरिब, जेहेन्दार, सिमान्तकृत, आदिवासी, जनजाती विद्यार्थीहरु मध्ये उत्कृष्ट अंक /ग्रेड ल्याई एस.ई.ई उतिर्ण गर्ने विधार्थीहरुलाई उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छ। साथै, एस.ई.ई परिक्षामा सबै भन्दा धेरै विधार्थी 'ए'ग्रेडमा उतिर्ण गराउने विधालयलाई पुरस्कृत गरिनेछ।

- विद्यालयमा छात्राहरुको लागि निशुल्क स्यानिटरी प्याड उपलब्ध गराइनुको साथै हरेक विधालयमा डस्टविन, सफा शौचालय, स्वच्छ खानेपानी, महिनावारी भएका छात्रा र आमा भएका विद्यार्थीका लागि विद्यालयमा आराम कक्ष लगायतका सुविधाहरु उपलब्ध गराइनेछ ।

- सबै विद्यालयहरुमा व्यवस्थित पुस्तकालय, ई-लाइब्रेरी, कम्प्युटर ल्याव निर्माण, कम्प्युटर शिक्षक, श्रव्य दृश्य सामग्री र इन्टरनेट सेवा क्रमागत रुपमा जडान गरि प्रविधिमैत्री शिक्षालाई विस्तार गरिनेछ।

- हरेक माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला, खेलकुद मैदान, सामुदायिक पुस्तकालय, सूचना प्रविधि तथा सञ्चार केन्द्रको स्थापना गरिनेछ ।

- श्री ने.रा.मा.वि. बगौरामा प्राविधिक शिक्षा (कक्षा ९-१२) र कम्प्युटर कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।

- गुराँस-३, सेरी पातिकान्ला क्षेत्रमा कलेजस्तरको पढाई संचालन गर्न आवश्यक पूर्वाधार निर्माण प्रक्रिया अगाडी बढाईनेछ ।

- लोकसेवा आयोग र शिक्षा सेवा आयोगको तयारीमा रहेका विधार्थीहरुलाई आफ्नो क्षमता विकास गर्न गाउँपालिकाको तर्फबाट भौतिक तथा अनलाईन विधिबाट तयारी कक्षा सञ्चालनमा सहयोग गरिनेछ ।

- "**उपाध्यक्षको ईच्छा, छोरी बुहारीलाई उच्च शिक्षा**" भन्ने नारालाई सार्थक बनाउन उच्च शिक्षा अध्ययनमा उत्कृष्ट नतिजा हासिल गर्ने छोरी बुहारीलाई प्रोत्साहन गरिनेछ ।

- उच्च शिक्षा अध्ययनका लागि गुराँस छात्रवृत्ति कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

- शिक्षकले विधालय समय व्यवस्थापन गर्नको लागि सूचना तथा संचार प्रविधिको प्रयोग गरि शिक्षक तथा कर्मचारीको विधुतीय हाजिरी प्रणाली विकास गरिनेछ।

**२. स्वास्थ्य सम्बन्धि नीति**

- गुराँस गाउँपालिका-५, रानीमत्तामा सञ्चालित पाँच शैयाको कोभिड विशेष अस्पताललाई पुर्णकालिन अस्पतालको रुपमा विकसित गरि आयुर्वेद सेवा समेत उपलब्ध गराइनेछ । जसका लागि आवश्यक दक्ष स्वास्थ्यकर्मी, आयूर्वेदकर्मी, उपकरण, प्रविधि, भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।

- गुराँस अस्पताल परिसरबाटै विरामीले आवश्यक औषधी प्राप्त गर्नसक्ने गरि **गुराँस फार्मेसी** को स्थापना गरिनेछ र मुटु, दम, क्यान्सर, मृगौला, प्रेसरलगायतका दीर्घ रोगीहरु तथा जेष्ट नागरिकलाई निशुल्क स्वास्थ्य जाँच औषधी तथा आर्थिक सहायताको व्यवस्था गरिनेछ ।

- बर्थिङ्ग सेन्टर सुविधा नभएका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य ईकाइमा बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याइनेछ ।

- दलित घरपरिवार तथा एकल महिला घरमुली रहेका घरपरिवारको सम्पुर्ण सदस्यहरुको निशुल्क स्वास्थ्य विमा गर्ने व्यवस्था गरिनेछ। साथै, आगामी २ वर्ष भित्रमा सम्पुर्ण घर परिवारलाई स्वास्थ्य विमा लागू गर्न, प्रभावकारी अभियान सञ्चालन गरिनेछ।

- वडास्तरका सामुदायिक स्वास्थ्य भवनहरु र सबै स्वास्थ्य संस्था तथा वर्थिङ्ग सेन्टरहरुबाट व्यवस्थित र गुणस्तरिय सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

- आम गुराँसबासी नागरिकलाई स्वास्थ्य सेवा र उपचारमा सरल एवं सहज पहुँच स्थापित गर्न सुलभ शुल्कमा एम्बुलेन्स मार्फत २४ सै घण्टा सेवा उपलब्ध गराइने छ । साथै, **"गुराँस आमा कोष"** स्थापना गरी संकटमा परेका गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ।

- पालिकाका विभिन्न स्थानमा सहयोगी संस्थासँगको समन्वय र सहकार्यमा आँखा, कान, जनरल एवं एकीकृत घुम्ति स्वास्थ्य शिवीर सञ्चालन गरिनेछ ।

- राउटे समुदाय, गर्भवती आमा, हजार दिनका आमा र शिशु तथा किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन र दीर्घरुपमा कुपोषण न्यूनिकरण गर्ने बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

- "**गर्भवती आमासँग उपाध्यक्ष**" कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनको आमालाई पोषण सामाग्री प्रदान तथा भेटघाट कार्यक्रम संचालन गरिनेछ। साथै, जेष्ठ नागरिक, असाय बालबालिकालाई भेटघाट, सम्मान र न्यानो कपडा वितरण कार्यक्रम संचालन गरिनेछ ।

- सुत्केरी आमा र नवजात शिशुको पोषण स्थिति राम्रो बनाउन सुत्केरी पोषण भत्ताको व्यवस्था गरिनुका साथै खोप, प्रजनन स्वास्थ्य, पोषण, सुरक्षित मातृत्व जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरिनेछ। साथै महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कामको उच्च मुल्याङ्कन गर्दै प्रोत्साहन स्वरुप खाजा खर्च व्यवस्थापन गरिनेछ ।

- हरेक स्वास्थ्य चौकीमा क्रमागत रुपमा ल्याव सेवा उपलब्ध गराउनुका साथै **"जेष्ठ नागरिक जहाँ : स्वास्थ्यकर्मी तहाँ"** अभियान सञ्चालनका लागि स्वास्थ्यकर्मीलाई परिचालन एवमं प्रोत्साहनको व्यवस्था गरिनेछ।

- गुराँस गाउँकार्यपालिकाको कार्यालय परिसरमा निशुल्क ज्वरो, तौल र रक्तचाप जाँच समेतको **हेल्थ डेस्क** स्थापना गरि प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

- गुराँस कोभिड अस्पताल, रानिमत्तामा मिनि अक्सिजन प्लान्ट स्थापनाका लागि संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।

- बजारमा विक्री हुने दैनिक उपभोग्य खाद्य तथा पेय पदार्थहरुको नियमित अनुगमन तथा नियमन गरि पोषण तथा स्वास्थ्यबर्द्धक खाद्य तथा पेय पदार्थहरुको प्रवर्द्धन, उत्पादन र प्रभावकारी अनुगमन कार्यमा जोड दिइनेछ।

## ३. खानेपानी तथा सरसफाई सम्बन्धि नीति

- सतहगत पानीको उपयोग तथा लिफ्टिङ प्रबिधि प्रयोग गरी हरेक घरधुरीमा धाराको व्यवस्था गर्दै सबै घरधुरीमा शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।

- वर्षाको पानी संकलन तथा प्रयोग गर्ने प्रविधि सहित घरनक्सा पासगरि घर निर्माण गर्ने गुराँसवासीहरुलाई पानी ट्याङ्की खरिद तथा निर्माण कार्यमा विशेष अनुदान प्रदान गर्ने व्यवस्था गरिनेछ।

- गुराँसका सबै प्रमुख स्थानीय बजारमा कुहिने र नकुहिने फोहोर जम्मा गर्न डस्टबिनहरु राखी फोहर व्यवस्थापन गरिनेछ। गुराँसे क्षेत्रमा आन्तरिक पर्यटकहरुले फाल्ने प्लाष्टिक जन्य फोहोर जम्मा गर्न पर्यटकको चाप हुने स्थानमा समेत अस्थायी ल्याण्ड फिल्ड र आवश्यक स्थानमा डस्टबिनको व्यवस्था गरिनेछ।यस्ता डस्टविनको रुपमा स्थानीय स्तरमा उत्पादित डोकोको प्रयोगलाई प्राथमिकता दिइनेछ।

- खानेपानी तथा सरसफाईका अभियानलाई योजनावद्ध र व्यवस्थित गर्न साझेदार संघ संस्थासँगको साझेदारीमा जल उपयोग गुरु योजना र वास प्लान तयार गरि गाउँपालिका भर स्वच्छ सफा खानेपानी वितरण गरिनेछ ।

- खानेपानीको मुहान संरक्षण र दीगो उपयोग गरी सफा पानी र पूर्ण सरसफाई कार्यक्रमलाई अभियानका साथ संचालन गरिनेछ।खानेपानी मुहानको मर्मत सम्भारका लागि प्रत्येक वडामा खानेपानी/सिञ्चाई प्रभावकारी ढंगले परिचालन गरी कामको नियमित नियमन र अनुगमन गरिनेछ ।

- झ्याँजे-भिउचुला, मेलपोखरा, नयाँखर्क, धरमपोखरा लिफ्टिङ खानेपानी, डुँडापोखरा लिफ्टिङ्ग खानेपानी, तारापोखरी लिफ्टिङ्ग खानेपानी, बुबैराखे लिफ्टिङ्ग खानेपानी, मर्खे लिफ्टिङ्ग खानेपानी, भालुधुला लिफ्टिङ्ग, दोबाटो लिफ्टिङ्ग, परिगाउँ लिफ्टिङ्ग, बेडुगाउँ लिफ्टिङ्ग, दुवाडी लिफ्टिङ्ग खानेपानी, जुम्लिखोर कालीपोखरी, घिउ पोखरी, सेता पैरा घिउ पोखरी लिफ्टिङ्ग लगायतका सबै क्रमागत लिफ्टिङ खानेपानी योजनाहरुको कामको व्यवस्थापनमा निर्माण व्यवसायी र उपभोक्ता समितिलाई जिम्मेवार बनाई प्रभावकारी रुपमा कार्यक्रम सम्पन्न गरिनेछ ।

- वातावरणीय शिक्षालाई प्रभावकारी बनाउँदै फोहरमैला व्यवस्थापन कला र सीपलाई प्रत्येक व्यक्तिमा प्रसार गरिनेछ।**फोहरमैला निष्काशक नै फोहरमैलाको प्रथम जिम्मेवार व्यवस्थापक** हुनुपर्ने कुरालाई कडाईका साथ लागू गरिनेछ।गुराँसे बजार, धरमपोखरा बजार, पातिकान्ला बजार, घोडाबास बजार, तल्लो डुङ्गेश्वर बजार लगाएत क्षेत्रबाट उत्पादन हुने फोहरको उचित विसर्जन तथा व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साइट निर्माण गर्न संभाव्यता अध्ययन कार्यलाई अगाडी बढाइनेछ।

- **"हाम्रो घरको फोहोर, अब बनाऔं मोहोर"** को नारा सहित सेफ्टि ट्याङ्की बाट निस्किने फोहोरलाई प्राङ्गारीक मलको रुपमा परिणत गर्न आवश्यक परिक्षण एवमं अनुसन्धानको कार्य अगाडी बढाइनेछ। साथै, श्रम बैंकमा आवद्ध श्रमिकहरुलाई परिचालन गरि हरेक वडाका बाँझो जमिन छानेर ठुला खाल्डा बनाई पात, पतिङ्गर आदी संकलन गरि प्राङ्गारिक मलको उत्पादन गरिनेछ।

## ४. संस्कृति प्रवर्द्धन सम्बन्धि नीति

- यस पालिका भित्र वसोवास गर्ने विभिन्न जातजाती, भाषा, धर्म, संस्कृति र परम्पराको हिसाबले विविधतायुक्त समुदायको संरक्षण गर्न पुस्तक छपाई, कला र सिप हस्तान्तरण, लेख रचना संकलन, लिपि संकलन, संगित र वाध्यवाधनका सामाग्री संरक्षण, सांस्कृतिक क्लब तथा संघसंस्था स्थापना, प्रवर्द्धन एवमं सम्वर्धन नीति लागू गरिनेछ।

- छुई प्रथा, बालबिबाह, बालश्रम, जातिय छुवाछुत जस्ता सामाजिक कुरुतीका रुपमा रहेका कुप्रथाको अन्त्य गर्नका लागि सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान संचालन गरिनेछ ।

- पुराना संस्कृतिका रुपमा रहेका पञ्चेबाजा, तरबार नाँच, ढोल नाँच, सिङ्गारु, पैंसेरी, भोसी नाच, लहरे नाँच, गर्रा नाँच, देउडा नाँच, धमारी नाँच, बालन नाँच, सोरठी नाँच, मारुनी नाँच लगायत रैथाने संस्कृतिको जगेर्ना गर्नुका साथै विपन्न तथा दलित समुदायको हित, विकास र आर्थिक उन्नतीका लागि क्षमता विकास र सम्वर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।

- लोपोन्मुख राउटे जातिको पहिचान सहित को संरक्षण कार्यलाई अघि बढाउनुको साथै प्रस्तावित राउटे संग्रहालय निर्माणको कामलाई संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा अगाडी बढाई राउटेहरुको भाषा, कला, संस्कृति, सिप, भेषभुषा र इतिहासलाई जिवन्त राखिनेछ ।

**५. लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि नीति**

- जोखिममा परेका, सामाजिक र पारिवारिक बहिस्करणमा परेका तथा हिंसा पिडित महिला र बालबालिकाहरुलाई पुनःस्थापना, संरक्षण र सशक्तिकरण गर्ने नीति अवलम्बन गरिने छ । यसका लागि जीवन सुरक्षा कोष कार्यक्रम, जोखिम बालबालिका संरक्षण कार्यक्रम, महिला तथा बालबालिका जोखिम कोषलाई लक्षित वर्गसम्म थप प्रभावकारी रुपमा अघि बढाइनेछ ।

- वडा स्तर देखि पालिका स्तरसम्म महिला, दलित, बालबालिका, युवा सञ्जाल ,जेष्ठ नागरिक सञ्जाल गठन गरी सक्रिय रुपमा सञ्चालन गरिनेछ ।

- लैंङ्गिक समानता हाँसिल गर्ने र सबै महिला, किशोरीहरु र बालबालिकाहरुलाई सशक्त बनाउनका लागि ठोस कार्यक्रम संचालन गरिनेछ । साथै बाल बिबाह, कम उमेरमा विवाह, जबर्जस्ती विवाह, यौन हिंसा तथा दुर्व्यवहारलाई निरुत्साहित गरिनेछ ।

- आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडी परेका लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको संरक्षण र सामाजिक सुरक्षाका लागि स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।

- ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्तालगायतका सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमलाई बैंकिङ्ग प्रणालीका माध्यमबाट वडास्तरबाट नै वितरण गर्ने व्यवस्था गरिनेछ।

- **"गुराँस आमा कोष"** स्थापना गरि महिलाहरुको कार्यबोझ कम गर्नका लागि कुटानी पिसानी मिलको व्यवस्थापन गरिनेछ ।

- बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषण र भेदभावको अन्त्य गरिनेछ। आगामी १ वर्ष भित्र यस पालिकालाई **बालश्रम मुक्त गाउँपालिका घोषणा** गर्न सरोकारवाला निकाय तथा संघ/संस्थाहरुसंगको समन्वयलाई तिव्रता दिइनेछ।

- अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता कार्ड वितरणका लागि घुम्ती शिविर सञ्चालन गरिनेछ। साथै, अपाङ्गको क्षेत्रमा कृयाशिल संस्थाहरुको समन्वयमा अपाङ्ग लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**६. युवा तथा खेलकुद सम्बन्धि नीति**

- स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद र खेलाडी क्षमता विकास कार्यक्रममा लगानी गरिने छ । खेलाडीलाई सम्मान र विभिन्न प्रतियोगिताहरुमा पालिकाबाट सहभागिता जनाउने खेलाडीलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

- राष्ट्रिय एकता सुदृढ बनाउने सशक्त माध्यमको रुपमा रहेको खेलकुद क्षेत्रलाई उच्च प्राथमिकता दिँदै **गुराँस म्याराथन दौड** को आयोजना गरि खेलकुदको माध्यमबाट पालिका क्षेत्र भित्र रहेका पर्यटकिय गन्तव्य स्थलहरुको राष्ट्रव्यापी रुपमा प्रचार प्रसार गरिनेछ।

-**"स्वास्थ्यका लागि खेलकुदः सबैलाई राख्छ एकजुट"** भन्ने नारालाई सार्थक बनाउन पालिका भित्रका विधालयहरु विच **विधालय स्तरीय अध्यक्ष कप रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता** आयोजना गरिनेछ। साथै, खेल क्षेत्रका विभिन्न विधामा नियमित प्रतियोगिताहरु आयोजना गरिनेछ।

- भिउचुला, तल्लो डुङ्गेश्वर लगायत आवश्यक स्थानमा खेल मैदान निर्माण तथा स्तरोन्नति गर्न संघ तथा प्रदेश सरकारसंग बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

- युवाहरुलाई सिप विकास, उद्यमशिलता र जीवन उपयोगी सिप प्रदान गरी वित्तिय संस्थाहरुको समन्वयमा रोजागरी सिर्जना गर्ने तथा रोजगारीमा जोड्न पहल गरिनेछ ।

- पालिका स्तरीय खेलकुद विकास समिति गठन गरी युवा सक्रियताका लागि वडा स्तरीय युवा क्लबहरु तथा पालिका स्तरीय युवा संजाल गठन गरि नमुना युवा संसद तथा युवाहरुलाई सुशासन र रोजगारी सम्बन्धी क्षमता वृद्धीको कार्यक्रम संचालन गरिनेछ।

**सभा अध्यक्ष ज्यू**

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति**

- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार संरक्षण तथा व्यवस्थापन कार्यलाई अभियानका रुपमा संचालन गरी पर्यापर्यटनको विकास गरिनेछ । वन क्षेत्रको दिगो व्यवस्थापन र जलवायु परिवर्तन एवं पर्यावरणिय अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।

- **"वन जङ्गल जोगाउँ, हरियाली बढाऊँ"** भन्ने नारालाई सार्थक तुल्याउन जथाभावी वन फडानी गर्ने, डढेलो लगाउने, अनाधिकृत चरिचरण गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्दै खोला किनार, पहिरो गएका ठाउँ र नाङ्गा डाँडा पाखाहरुमा वृक्षारोपण गरिनेछ ।

- वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासबाट वस्तु र सेवाको विस्तार र विविधिकरण गर्ने रणनीति अवलम्बन गरिनेछ ।

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउने कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । साथै वन पैदावारको बिक्रीबाट पालिकालाई प्राप्त हुने आयको केही अंश सामुदायिक वनहरुको क्षमता विकास, दिगो व्यवस्थापन र खेर गएको वैन पदावर उपयोग र निकासीका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

- सबै वडाका संभाव्य पहिरो जोखिम ठाउँहरुको पहिचान गरी त्यस्ता ठाउँहरुमा बाँस, अम्रीसो, निगालो जस्ता नगदे विरुवा लगाउने लगायत आवश्यकताका आधारमा तटबन्ध निर्माण गरि पहिरो नियन्त्रण गर्ने नीति अबलम्बन गरिनेछ ।

- तल्लो डुङ्गेश्वर प्रहरी चौकी तथा महादेव मा.वि. क्षेत्र र माथिल्लो भाग भैरव प्रा.वि. को खेतियोग्य जमिन बर्षेनी पहिरोका कारण क्षेति भएकोले लुवाइटी लामाकोरेला तटबन्धनको व्यवस्थापन गरिनेछ ।

- पालिका भित्रका सम्भाव्य विपदका घटनाहरुको पहिचान गरी विपद जोखिम न्यूनिकरण, विपद पूर्व तयारी र विपद प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ । विपदका बेला खोज, उद्दार, राहत र पुनःस्थापनाको कार्यलाई व्यवस्थित बनाउन पालिकामा चौबीसै घण्टा तयारी अवस्थामा रहेने गरी संघ, संस्थाहरु समेतको समन्वयमा दक्ष जनशक्ति सहितको स्रोत र साधन सम्पन्न **आपतकालिन कार्य संचालन केन्द्र** स्थापना गरिनेछ । साथै पालिका देखि वडास्तर सम्मका विपद व्यवस्थापन समितिलाई क्रियाशिल तुल्याईनेछ ।

- विपद पिडितहरुलाई तत्काल सहयोग गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्था गरिनेछ ।

**- जल, जंङ्गल, जमिन, जडीबुटी र जनशक्ति**को उचित व्यवस्थापन गर्न **पाँच "ज"** को अभियान सञ्चालन गरिनेछ । साथै, पालिकामा हावापानी अनुसार औषधिजन्य वनस्पतिको पहिचान गर्दै संकलन, संरक्षण र संवर्द्धन गरिनेछ । वनजन्य उत्पादन तथा विभिन्न जडिबुटी संकलन, प्रशोधन तथा बिक्रि वितरण जस्ता व्यवसायिकजन्य कार्यलाई प्रोत्साहन गरिनेछ ।

- **"गुराँसको धनः आयमुलक वन"** अन्तर्गत सबै सामुदायिक वनमा टिमुर, काउलो, तेजपत्ता, रिठ्ठा, नास्पति, बाँस, अम्प्रिसो, ओखर लगायतका आयमुलक वनजन्य वनस्तपती सहित बृहत वन बगैचा निर्माण गरिनेछ।

— मापदण्ड बमोजिम निर्माण कार्य सम्पन्न भएका सडक छेउको दायाँ बायाँ सौन्दर्य दिने एवं आयमुलक वोटविरुवा लगाउने नीति अवलम्बन गरिनेछ।

- विपद र विकासमा युवा स्वयमंसेवक परिचालनको नीति लिइनेछ। यसका लागि गाउँपालिकामा विपद व्यवस्थापन तथा सुरक्षा शाखा स्थापना गरी सबै वडा तह तथा विधालय तहमा स्वयमंसेवी भाव वृद्धि गर्न अभियान सञ्चालन गरिनेछ।

**सभा अध्यक्ष ज्यू**

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

**(ङ) सुशासन तथा संस्थागत विकास सम्बन्धि नीति**

- मानविय जनशक्ति नै विकासको साधन र साध्य हो । तसर्थ, मानव पुंजीको विकास नै आधुनिक राष्ट्र निर्माणको आधारभूत कार्य मानिने भएकोले संगठन भित्रको जनशक्तिलाई काम प्रति अझ बढी उत्प्रेरित गर्नका लागि क्षमता विकास तालिम र कार्यसम्पादनमा आधारित पुरस्कार र दण्ड प्रणालीलाई वस्तुगत र यथार्थपरक बनाईनेछ ।

( नागरिकको सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, जवाफदेही, जनउत्तरदायी, प्रविधिमैत्री, सेवाग्राहीमैत्री, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी बनाईनेछ ।

- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकाले **"सेवाको वरीपरी जनता होइन, जनताको वरिपरी सेवा"** भन्ने सार्वजनिक प्रशासनको मूल मन्त्रलाई हृदयंगम गर्दै घुम्ती सेवा, डेस्क सेवा र एकद्वार सेवा प्रणालीमा जोड दिईनेछ ।

- गाउँ कार्यपालिका तथा यस अन्तर्गतका हरेक गतिबिधि जनता माझ सुसुचित गर्न गुराँस सूचना तथा संचार शाखाको स्थापना गरिनेछ ।

- भ्रष्टाचार विरुद्व शून्य सहनशीलता सहितको सदाचारयुक्त नीति अवलम्बन गर्दै शासकीय स्वच्छता, सदाचार र नैतिकतालाई कडाईका साथ लागू गरि जनतामा सुशासनको प्रत्याभूति गराईनेछ ।

- हामीले सम्पादन गरेका कामहरुका बारेमा जनतासम्म पुर्याउने , हाम्रा कुरा सुनाउने , जनताका सुझाव ग्रहण गर्ने र भए गरेका कमि कमजोरी सुधार्ने परिपाटि बसाल्न सार्वजनिक सुनुवाईलाई प्रत्येक ४ महिनामा हरेक वडामा संचालन गरिनेछ । साथै, स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन तयार गरी सुशासन, विकास र सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

- राजश्वका स्रोतहरुको पहिचान गरी प्रगतिशिल करको सिद्वान्त अनुसार करको दर र दायरा फराकिलो बनाई राजश्व प्रशासनलाई प्रभावकारी, संस्थागत र सबल बनाईनेछ। उद्योग, व्यापार, व्यवसाय सबैलाई करको दायरामा ल्याई पालिकाको आन्तरिक आम्दानी वृद्धि गरि राजश्व असुलीको घोषित लक्ष्य पूरा गर्न हर संभव उपाय अबलम्बन गरिनेछ । कर नतिर्ने, कर छली एवं चुहावट गर्ने, संकलित राजश्व दुरुपयोग गर्ने व्यक्ति एवं निकायलाई पहिचान गरी न्युनतम सेवाबाट बञ्चित गर्ने लगायतका दण्ड गरिनेछ ।

- आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाई भए गरेका कमी कमजोरी सुधार्ने र अन्तिम लेखा परीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौट गरी वित्तिय सुशासन कायम गरिनेछ ।

- गाउँपालिकाका सबै कार्यक्रम तथा योजनामा पारदर्शिता, सहभागिता, जवाफदेहिता, दुरदर्सिता जस्ता सुशासनका सबै सूचकहरु जनताले अनुभूति गर्ने गरि पालना गरिनेछ ।

- पालिकामा कार्यरत प्रहरी चौकीहरुको व्यवस्थापनमा थप सहयोग गर्दै जनमैत्री सुरक्षा व्यवस्थापनका लागि पहल गर्नुका साथै प्रहरी चौकी धरमपोखराको स्थायी संरचना बनाउनका लागि पहल गरिनेछ ।

- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार बमोजिम सुरक्षा व्यवस्थापन शाखा स्थापना गरी **गुराँस गाउँ प्रहरी** सम्बन्धी ऐन तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ।

- नागरिकता, राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्र गाउँपालिका तथा वडाबाटै वितरण गर्न जिल्ला प्रशासन कार्यालयसंग आवश्यक समन्वय र पहल गरिनेछ।

**<u>च) लोक कल्याणकारी कार्य</u>**

- युवाहरुलाई धुम्रपान, मद्यपान, जुवातास लगायतका दुर्व्यसनबाट अलग राख्न सामाजिक सेवा, खेलकुद, स्वरोजगार कार्यक्रम, सिकाईका प्रकृया निरन्तरता दिदै सृजनात्मक कार्यमा संलग्न गराउन रचनात्मक कार्यमा ध्यान दिइनेछ ।
- मानव अधिकार, बाल अधिकार र महिला हक हितको प्रत्याभूति गराउदै महिला शसक्तिकरणका विशेष नीति बनाई लागू गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको अवस्था र क्षमता अनुसारको अवसर, सहुलियत र जीविकोपार्जनको व्यवस्थालाई व्यवस्थित गरिनेछ । विभिन्न क्षेत्र छनौट गरि बाल मैत्री उद्यान निर्माण गरि संचालनमा ल्याइनेछ ।

- हाल निर्धारण गरिएको जग्गाको मालपोत (तिरो) को दर बढी भएकाले बैज्ञानिक विधि अपनाई दायरा बढाउन, राजश्व चुहावट रोक्न तथा करका दर वैज्ञानिक र प्रगतिशिल बनाउन करको दर हेरफेर गरिनेछ ।

- पालिका स्तरमा कुनै पनि क्षेत्रमा विशेष योगदान गर्ने व्यक्तिहरुलाई सम्मान तथा विशेष कार्यक्रम संचालन गरिनेछ ।



गुराँस गाउँपालिका

- जेष्ठ नागरिकको जिविनयापनमा सहजता हुने हेतुले विभिन्न कल्याणकारी कार्य सञ्चालन गर्ने तथा जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालनमा ल्याइनेछ।
- जेष्ठ नागरिक, महिला, बालबालिका, असहाय, अपाङ्ग गुराँसवासीलाई लक्षित गरि **"गुराँस ग्रामिण बस सेवा"** सञ्चालनमा ल्याइनेछ।

गुराँस गाउँपालिका